## पाठ - 4
## नुबुव्वत, ईशदूतत्व

## الدرس الرابع - نيبالي
## النبوة

मुहम्मद ﷺ ले जब उमेरको चालिसौं बर्षमा प्रवेश गर्नु भयो त मक्काको पुर्बमा एउटा पहाडमा हेरा नामको गुफामा एकलो बस्न थाले, त्यहाँ गएर लगातार केहि दिन र केहि राति सम्म अल्लाहको इबादत (पुजा) गर्न थाले, रमजान महीनाको २१ गते रातिको समयमा जब उहाँ गुफामा हुनु हुन्थ्यो र उहाँको उमेर ४० बर्ष पुगिसकेको थियो त देवदुत हजरत जिब्रईल عليه السلام प्रकट हुनु भयो, र भन्नु भयो पढ, त उहाँले भन्नु भयो मलाई पढन आउँदैन, जिब्रईल عليه السلام ले दोश्रो र तेश्रो पटक त्यहि दोहरियाउनु भयो र तेश्रो पटक भन्नु भयो:

اقْرَأْ بِاسْمِ رَبِّكَ الَّذِي خَلَقَ * خَلَقَ الإِنسَانَ مِنْ عَلَقٍ * اقْرَأْ وَرَبُّكَ الأَكْرَمُ * الَّذِي عَلَّمَ بِالقَلَمِ * عَلَّمَ الإِنْسَانَ مَا لَمْ يَعْلَمْ *

आफ्नो पालनकर्ताको नाम लिएर पढ, जसले सृष्टि गर्यो, जसले मानिसलाई रगतको थोपबाट बनायो, तिमी पढदै गर, तिम्रो पालनकर्ता धेरै दयावान छ, जसले कलमको माध्यमबाट शिक्षा प्रदान गर्यो, जसले मानिसलाई त्यो ज्ञान प्रदान गर्यो जुन् उसले थाहा थिएन ।

फेरि जिब्रईल عليه السلام त्यहाँबाट फर्किनु भयो, रसूल ﷺ ले हेरा गुफामा त्यस भन्दा अधिक बसने साहस गर्न सकेनन, तसर्थ आफ्नो घर तिर फर्कि हाल्नु भयो, र आफ्नो श्रीमति खदीजाको निकट यस्तो अवसथामा जानु भयो कि मुटुको धडकन साह्रै तेज भएको थियो, र श्रीमतिलाई भन्नु भयो «मलाई च्यादर उढाइ देउ, मलाई च्यादर उढाइ देउ» त उहाँको श्रीमति च्यादर उढाइ दिनु भयो, यस प्रकार भयबाट अलि मुक्त हुनु भयो र त्यस पछि खदीजालाई घटनाको तपसिल बताउनु भयो र भन्नु भयो कि «मलाई आफ्नो ज्यानको डर लागिरहेको छ » त खदीजाले भन्नु भयो कि «कतापी यस्तो हुदैन, अल्लाहको कसम, अल्लाहले कहिले पनि तपाईलाई नीच र अपमानित गर्दैन, तपाईले नातेदारहरुको ख्याल राख्दछौं, कमजोरको मद्दत गर्छौं, गरिबलाई दान दिन्छौं, पाहुनालाई इज्जत र सम्मान प्रदान गर्छौं, र आपत्तिमा परेका व्यक्तिहरुलाई सहायता पुर्याने गर्छौं» । केहि समय पछि नबी ﷺ ले फेरि हेरा गुफामा गएर आफ्नो इबादत अर्थात पुजा जारि गर्नु भयो, र इबादत समाप्त गरेर मक्का वापस हुनको लागि गुफाबाट उतरिनु भयो, जब बीच खोलामा पुग्नु भयो त हजरत जिब्रईल عليه السلام प्रकट हुनु भयो, ऊ आकाश र धरति बीच कुर्सीमा बसेका थिए, हजरत जिब्रईल عليه السلام ले (वही) अर्थात पैगाम दिनु भयो:

يَاأَيُّهَا الْمُدَّثِّرُ * قُمْ فَأَنْذِرْ * وَرَبَّكَ فَكَبِّرْ * وَثِيَابَكَ فَطَهِّرْ * وَالرُّجْزَ فَاهْجُرْ

हे मुहम्मद ! लुगा बेर्नेवाला, उठ्नु र सावधान गर्नु, आफ्नो पालनकर्ताको महानता बयान गर्नु, र आफ्नो कपडालाई पवित्र राख्नु, र फेहरीपनालाई छाडि दिनु फेरि  त्यस पछि लगातार वही आउन थाल्यो ।

जब रसूल ﷺ ले इस्लामको प्रचार प्रसार शुरु गर्नु भयो त सबभन्दा पहिला उहाँको स्वासनी हजरत खदिजा رضي الله عنها नै मुस्लिम हुनु भयो, एउटै अल्लाहको गवाहि दिनु भयो र मुहम्मद ﷺ लाई अल्लाहको दुत र सन्देष्टा मान्नु भयो, त्यस पछि रसूल ﷺ ले आफ्नो प्रिय साथी अबुबकर رضي الله عنه लाई भन्नु भयो त उहाँले पनि कुनै शंका र संदेह बिना स्विकार गरेर ईमान ल्याउनु भयो, रसूल ﷺ को काका अबुतालिबले गरेको पालन पोषनको कारण उहाँले आफ्नो काका सँग वफादारि कायम राख्नु भयो र उहाँको एउटा छोरा अली رضي الله عنه लाई आफु सँग राखेर उहाँको पालन पोषन गर्नु भयो र उहाँको सबै खर्चा बेहर्नु भयो, यस्तो वतावरणमा हजरत अली رضي الله عنه लाई पनि सत्यताको पहिचान भयो र उहाँले इस्लाम स्विकारनु भयो, र त्यस पछि हजरत खदीजा رضي الله عنها को दास जैद बिन हारेसाले पनि इस्लाम स्विकारनु भयो

गुप्त रुपले नबी ﷺ आफ्नो निमन्त्रण जारि राख्नु भयो, मुस्लिमहरुले पनि आफ्नो इस्लामको खबर गुप्त नै राख्नु हुन्थ्यो, किन भने यदि कसैको बारेमा खबर भइहाल्थ्यो भने इस्लामबाट रोकनको लागि कुरैशले अनेकौ प्रकारको सजाय र यातना त्यसलाई दिने गर्थो ।